**परवानीपुर गाउपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**लिपनीमाल, बारा**
**प्रदेश नं. २**

## शिलबन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०३/१८

यस बारा जिल्ला परवानीपुर गाउपालिका वार्ड नं. ३ लिपनीमालमा रहेको सार्वजनिक शौचालय व्यवस्थापन तथा गाउपालिका स्तरीय विज्ञापन शुल्क सम्बन्धीआ.व. २०७६/०७७ को लागि ठेक्का लगाउनु परेकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही गाउपालिकाबाट आवश्यक दस्तुर तिरी, टेण्डर फारम खरीद, रु. दशको टिकट टाँसी ईच्छुक व्यक्ति तथा कम्पनीहरुबाट प्रथम पटक प्रकाशित सूचनाको मितिले १५ दिन भित्र शिलबन्दी वोलपत्र पेश गर्नको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

**ठेक्का नं. ००२ : सार्वजनिक शौचालय व्यवस्थापन (परवानीपुर–३, लिपनीमाल)**

**न्यूनतम् अंक रु. ५१०००।०० (अक्षरेपी रु. एकाउन्न हजार मात्र**

**ठेक्का नं. ००३ : विज्ञापन शुल्क**

**न्यूनतम् अंक: रु. ३१,०००।०० ( अक्षरेपी रु. एकतिस हजार मात्र )**

**गाउपालिकाले तोकेको दररेट अनुसार शुल्क उठाउनु पर्नेछ जुन दुबै पक्ष बीच हुने सम्झौता पत्रमा उल्लेख गरिनेछ ।**

### शर्तहरु

१. ठेक्का अवधि २०७६/०४/१० गते देखि २०७७/०३/३१ गते सम्म हुने छ ।

२. शिलबन्दी वोलपत्र फारम यस कार्यालयबाट रु. १००० अक्षरेपी रु. एक हजार मात्र तिरी खरिद गर्नु पर्नेछ ।

३. न्यूनतम् अंक रु. १,३५१,०००।०० अक्षरेपी रु. तेरह लाख एकाउन्न हजार मात्र

४. शिलबन्दी वोलपत्र भर्ने अन्तिम मिति २०७६/०४/०१ गते दिउसो १२:३० सम्म र विदा परेमा सो को भोलिपल्ट

५. शिलबन्दी वोलपत्र खालिने अन्तिम मिति २०७६/०४/०२ गते दिउसो १२:०० बजे र विदा परेमा सो को भोलिपल्ट

६. शिलबन्दी वोलपत्र फारम भर्दा कबुल गरेको रकम अंक र अक्षरमा प्रष्ट लोख्नु पर्दछ ।

७. नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत आफूले कबुल गरेको रकमको धरौटीको रुपमा यस गाउपालिकाको नेपाल बङ्गलादेश बैंक परवानीपुर को धरौटी खाता नम्बरमा जम्मा गरेको सक्कल भौचर फारम संग संलग्न हुनु पर्नेछ ।

८. नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

९. रित नपुगेको र समय नाघी दर्ता भएको फारम उपर कुनै कारवाही गरिने छैन ।

१०. टेण्डर बोलपत्र खोल्दा ठेकदार वानिजको प्रतिनिधिको रोहवरमा खोलिने छ आफू वा प्रतिनिधि नआए पनि टेण्डर खोलिनेछ ।

११. टेकेदारले अव्यवस्थित किसिमले रहेको घुम्ती, छाप्रो, ठेला गाडालाई व्यवस्थित गर्नु पर्नेछ।

१३. शिलबन्दी वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरी धरौटी बाहेक कबुल गरेको सम्पूर्ण रकम एकमुष्ठ कार्यालयको खातामा जम्मा गरी सक्कल भौचर सहित चलन पूर्जी लिन आउनु पर्नेछ । यसरी एकमुष्ठ रकम जम्मा गर्दा १० प्रतिशत छुट दिईनेछ ।

१४. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोस्रो वोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पून:बोलपत्र आव्हान गर्ने अधिकार गाउपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१५. ठेक्का स्वीकृत भई सके पछि ठेकेदारले कबुल गरेको अंकमा कुनै पनि कारणले रकम मिनाहा हुने छैन ।